# श्री जनसेवा सामुदायिक वन उपभोक्ता समुह

## गढवा गा.पा. १ जुनौनी दाङ (देउखुरी)

प्रथम पटक प्रकाशन मिति २०८२।११।२८ गते विहिवार

## बोलपत्रद्वारा काठ/दाउरा लिलाम विक्रीको सूचना ।

यस श्री जनसेवा सामुदायिक वन उपभोक्ता समुहको आ व २०८१।०८२ मा रुखहरु कटानमुछान गरी उत्पादित आन्तरिक उपभोक्तामा वितरण र बाँकी रहेको तपसिल वमोजिजमका काठ/दाउरा सामुदायिक वनको घाटगद्धी स्थलमा लट १ वनाइ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। रित पुगेका वन पैदावरमा आधारित सचालनमा रहेको उद्योगले मात्र यो सूचना नयाँ युगबोध राष्ट्रिय दैनिकमा प्रकाशित भएको मितिले २१ दिन भित्रमा वोलपत्र खरिद गरी २२औं दिनको २:०० वजे सम्ममा शिलवन्दी वोलपत्र दाखिला आव्हान गरिन्छ ।

१)वन पैदावरको विवरण

| क्र स | लट न | जात | ग्रेड | थान | परिमाण क्युफिट | न्युनतम मुल्य रु प्रति क्युफिट | सकलन खर्च रु/प्रति क्युफिट | धाङ न | कै |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १/२०८२-०८३ | साल | ए | १ | १०.९३ | १२५०/० | २०० | १ | |
| २ | | साल | वी | २२ | २२४.८६ | ९००/०० | | १ | |
| ३ | | साल | सी | ५० | ३०२.७८ | ६००/०० | | १ | |
| ४ | | साल | डी | ३ | ९.६८ | ३००/०० | | १ | |
| ५ | | घोँटी | - | ३ | २०.५ | १००/०० | | २ | |
| | जम्मा | | | ७९ | ५६८.७५ | | | | |
| ६ | साल दाउरा | | ३.० चट्टा | | ३.० | १२०००/०० | १५००० प्र च. | | |

(२) बोलपत्र खरिद गर्नु पर्ने अन्तिम मिति र समय ।

(क) अन्तिम मिति २०८२।१२।१८ (ख ) समय : कार्यालय समय भित्र ।२१औं दिन सार्वजनिक विदा परेमा २२औं दिनको शिलवन्दी बोलपत्र दाखिला गर्ने समय भन्दा १ घण्टा अघि सम्ममा बोलपत्र खरिद गरी बोलपत्र दाखिला गर्नु पर्नेछ ।

(३) बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति २०८२।१२।१९ (ख )समय : दिनको ठीक २ वजे भित्र ।

(४) बोलपत्र फाराम लटको रु १००० पछि फिर्ता नहुने गरि तिरी यस समुहको कार्यालय र डिभिजन वन कार्यालय दाङ देउखुरीवाट खरिद गरी सामुदायिक वनको कार्यलयमा दाखिला गर्न सकिनेछ ।

(५) बोलपत्र साथ कबूल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस समुहको शाखा कार्यालय घोराइमा रहेको **साग्रिला डेभलप्मेन्ट बैक लि शाखा भालुवाङ दाङ खाता नं. 01800800085914000001** मा नगद जम्मा गरेको सक्कल भौंचर वा ६ महिना को बैंक ग्यारेण्टी जमानत पत्र समावेश हुनपर्ने छ ।

(६) लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र **जनसेवा सा.व.उ.स.** को घाटगद्दी स्थलमा गई हेर्न सकिने छ ।

(७) संघिय वन नियमावली को नियम २५ को उप नियम ३ बमोजिम काठ/दाउरामा आधारित संचालनमा रहेका उद्योगहरु र सोहि नियमावलीको नियम १२८ बमोजिम डिभिजन वन कार्यालयमा सुचिकृत भएका लिलाममा भाग लिन ईच्छुक काठ/दाउरामा आधारित संचालनमा रहेका उद्योगहरुका प्रोप्राईटरहरुले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, कर दर्ता प्रमाण पत्रको प्रतिलिपी, मुल्य अभिबृद्धिकर दर्ता प्रमाण पत्रको प्रतिलिपी वा स्थायी लेखा नं. (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपी ,डिभिजन वन कार्यालयमा सुचिकृत भएको प्रमाण पत्रको प्रतिलिपी, संहित बोल पत्र खरिद गरी शिल वन्दी बोलपत्र पेश गर्नु पर्नेछ ।

(८) निर्धारित गरिएको न्यूनतम् संख्याको र रीतपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२/१२/२० गते बिहान ११.०० वजे साक्षीहरुको रोहवरमा खोलिनेछ

(९) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० दिन भित्र सकार गरेका रकम तथा निर्धारित मुल्य अभिबृद्धि कर लगायत अन्य कर समेत बुझाई लिलाम स्वीकृत भएको वन पैदावार तोकिएको अवधी भित्र उठाई लैजानु पर्नेछ ।

(१०) बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

(११) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस समुहको अख्तियारवाला पदाधिकारीमा हुनेछ ।

१२) बोलपत्र दाखिला गर्न/खोल्नको लागि तोकिएको मितिमा विदा परेमा सो कार्य सो पछिको कार्यालय खुल्ने मितिमा सोहि बमोजिम हुनेछ ।

# सेवा घरलाई विद्यार्थीहरुको सहयोग

घोराही, २७ फागुन (युस)- घोराही उपमहानगरपालिका-१०, नारायणपुरस्थित सडक मानव आश्रित सेवा घरलाई विद्यार्थीहरुले सहयोग गरेका छन्।

भिक्टोरिया इन्टरनेशनल कलेज घोराहीमा थिबिए तेस्रो सेमेष्टर अध्ययनरत डायमण्ड ग्रुपका विद्यार्थीहरुले परियोजना कार्यअन्तर्गत गरेको व्यापारबाट रकम बचत गरी सहयोग गरेका हुन् । मानव कल्याण समाजले सञ्चालन गरेको सेवाघरमा ५० बढी सडक आश्रित मानवहरुलाई उद्धार गरी राखिएको छ । मुष्ठिदानले सञ्चालन भइरहेको सेवा घरमा आश्रितलाई सहज होस् भनेर सहयोग गरेको डायमण्ड ग्रुपका संयोजक सजना बिकले बताउनुभयो ।

पढाइको क्रममा गरिएको परियोजना कार्यअन्तर्गत मेला र सडकमा विभिन्न सामान बेचेर उनीहरुले बचत गरेका थिए । मानवीय भावना र नागरिकको कर्तव्य सम्झेर उक्त बचतबाट सामाजिक सेवा गरेको उहाँले जानकारी दिनुभयो । सेवा घरलाई १५ हजार रुपैयाँ बराबरको खाद्यान्न, सरसफाइलगायतका अत्यावश्यक सामानहरु सहयोग गरिएको छ । मानव कल्याण समाजले २०७५ सालदेखि सडकमा अलपत्र मानिसहरुलाई उद्धार गरी आश्रय दिन थालेको हो । देशभर यस्ता छवटा सेवा घर छन् ।

# मा

रुकुमपुर्व, २७ फागुन (युस)- रुकुमपूर्वको भुमे गाउँपालिका-२ [illegible] ७ मा पर्ने मारिडमा एकीकृत कृषि अनुसन्धान केन्द्र स्थापना गरिएको छ । ताकुले डाँडालाई खेतीयोग्य जमिनमा परिणत गरी आलु, स्याउ [illegible] किवी लगाइएको छ ।

'गाउँका भेडाहरु चराउन यहीं ल्याउँछन्'- कर्मचारी महावीर विकले भन्नुभयो- 'तिनकै मल खरिद गरेर खेतीमा प्रयोग हुन्छ।' उहाँका अनुसार बारीमा रासायनिक मल र विषादी प्रयोग हुँदैन । त्यस क्षेत्रमा भेडाहरु चराउन लगिन्छ । त्यहीं आसपासमा बास बस्छन्। तिनको मल जम्मा गरेर अर्गानिक मल बारीमा हालिन्छ । उहाँका अनुसार साढे तीन सयको हाराहारीमा स्याउका बोट छन् । पाँच वर्ष अघि रोपिएका स्याउ पनि फल[illegible]

## ५१ दलले....

### रास्वपालाई झण्डै दुई तिहाइको जनादेश

प्रतिनिधिसभा निर्वाचनको समानुपातिकतर्फको पनि मतगणना सकिएसँगै आगामी संसद्को सम्भावित अंकगणित निश्चित भएको छ। प्रत्यक्षमा १ सय २५ सिट जितेको रास्वपाले समानुपातिक मतको आधारमा ५७ सिट पाउने देखिएको छ । निर्वाचन आयोगले सिट निर्धारण भने गरिसकेको छैन। आयोगले निर्धारण गरेपछि मात्र त्यसको यकिन संख्या आउँछ । तर आयोगले सिट विभाजनका लागि प्रयोग गर्ने 'सेन्ट लग फर्मुला' मा राखेर अहिले दलहरूले प्राप्त गरेको मतको आधारमा सिट बाँडफाँड गर्दा ५७ सिट पुग्ने देखिन्छ । यदि आयोगले यही सिट संख्या कायम गऱ्यो भने प्रतिनिधिसभामा रास्वपाको दुई तिहाइका लागि २ सिट नपुग्ने अवस्था छ । यदि समानुपातिकमा उसलाई ५७ सिट भाग लागेको अवस्थामा रास्वपाको १ सय ८२ सिट हुन्छ । २ सय ७५ सदस्यीय प्रतिनिधि सभामा दुई तिहाइका लागि १ सय ८४ सिट आवश्यक पर्छ। एक स्वतन्त्र सांसद महावीर पुन भने रास्वपाकै समर्थन पाएर निर्वाचित हुनु भएको छ । रास्वपाले समानुपातिकमा कुल एक करोड ७ लाख ६४ हजार ८ सय ८९ मत मध्ये रास्वपाले ५१ लाख ४६ हजार ६ सय ८१ मत ल्याएको छ । यो कुल मतको करिब साढे ४७ प्रतिशत भन्दा बढी हो ।

समानुपातिक प्रणालीबाट रास्वपासहित छ दलले मात्रै सिट पाउने भएका छन् । दोस्रो पार्टीको रुपमा रहेको नेपाली कांग्रेसले समानुपातिकमा २० सिट पाउने देखिएको छ । कांग्रेसले प्रत्यक्षमा [illegible]

आधा बढी कम सिट हो । यसअघि कांग्रेसको ८९ सिट थियो । यस्तै नेकपा एमालेले समानुपातिकबाट १६ सिट पाउने देखिएको छ । उसले प्रत्यक्षमा ९ सिट जितेको छ । अब प्रतिनिधिसभामा उसको २५ सिट हुनेछ । यो संख्या गत प्रतिनिधिसभाको भन्दा तेब्बर कम सिट हो । यसअघि एमालेको ७९ सिट थियो । गत चुनावमा समानुपातिकमा पहिलो बढी मत ल्याउने दल एमाले यसपटक ५० प्रतिशत मत गुमाएको छ ।

यस्तै नेपाली कम्युनिष्ट पार्टीले समानुपातिकमा ९ सिट पाउने देखिएको छ । उसले प्रत्यक्षमा ८ सिट जितेको छ । अब प्रतिनिधिसभामा नेकपाको १७ सिट हुनेछ । नेपाल कम्युनिष्ट पार्टीले समानुपातिकतर्फ ८ लाख ८ हजार ५ सय ८२ मत पाएको छ । यो प्रतिनिधिसभामा श्रम संस्कृति र राप्रपाले समानुपातिकमा ४/४ सिट पाउने देखिएको छ। श्रम संस्कृतिले ३ सिट प्रत्यक्षमा जितेकाले अब उसको कुल ७ सिट हुनेछ। राप्रपाले प्रत्यक्षमा एक सिट जितेकाले कुल ५ सिट हुनेछ। श्रम संस्कृति चार महिनाअघि मात्र गठन भएको पार्टी हो । यो चुनावबाट उपेन्द्र यादव नेतृत्वको जसपा नेपाल र सिके राउत नेतृत्वको जनमत पार्टीले भने कुनै सिट ल्याउन सकेनन् । समानुपातिकमा पनि तीन प्रतिशत मतको थ्रेस होल्ड कटाएनन् ।


## गोरक्षपात्रदेवता सिद्धरत्ननाथ देवीपाटन महायात्रा २०८२ मा सहभागी हुन अनुरोध

गोरक्षपात्रदेवता सिद्धरत्ननाथ मठ चौघेरा दाङबाट हरेक वर्ष भारतको देवीपाटन पात्रदेवता यात्रा हुँदै आएकोमा यस वर्षको महायात्रा यही २०८२ चैत्र १ गते एकादशीको दिनदेखि शुरु हुन थालेकाले सम्पूर्ण भक्तजनहरुलाई यात्रामा सहभागी हुन हार्दिक अनुरोध गरिन्छ ।

**यात्रा समय तालिका**

- २०८२ चैत्र १ गते एकादशीका दिन प्रातः ४ बजे सिद्धरत्ननाथ मठ चौघेराबाट महायात्रा शुभारम्भ देउपुर प्रस्थान
- २०८२ चैत्र १ देखि ५ गते सम्म देउपुर दलिचामा विश्राम
- २०८२ चैत्र ६ गते द्वितीयाका दिन प्रातः ४ बजे देउपुरबाट कोइलाबास यात्रा प्रस्थान र कोइलाबास विश्राम बास
- २०८२ चैत्र ७ गते तृतीयाका दिन प्रातः ४ बजे कोइलाबासबाट जनकपुर कोठार (भारत) प्रस्थान
- २०८२ चैत्र ९ गते नवरात्र पञ्चमीका दिन प्रातः ४ बजे जनकपुरबाट देवीपाटन प्रस्थान र पहुँच
- २०८२ चैत्र ९ गते पञ्चमीदेखि १४ गते दशमीसम्म देवी पाटनस्थित पाटेश्वरी मन्दिरमा पूजा आराधना र विश्राम
- २०८२ चैत्र १५ गते एकादशीका दिन प्रातः पात्रदेवता स्वधाम रत्नपुर चौघेरा दाङ फिर्ता सवारी

**गोरक्षपात्रदेवता सिद्धरत्ननाथ देवीपाटन महायात्रा २०८२ व्यवस्थापन तथा सञ्चालन समिति, रत्नपुर चौघेरा दाङ**



## श्री जनसेवा सामुदायिक वन उपभोक्ता समूह

गढवा गा पा १ जुरौनी, दाङ (देउखुरी)

## काठ/दाउरा लिलाम बिक्रीको सूचना !

पहिलो पटक प्रकाशन मिति : २०८२।११।२८ गते

डिभिजन वन कार्यालय दाङ (देउखुरी) को च.नं. ११५९ मिति २०८२।११।२७ गतेको आदेशानुसार यस श्री जनसेवा सामुदायिक वन उपभोक्ता समूह गढवा गा.पा. १ जुरौनी दाङ देउखुरीको आर्थिक वर्ष २०८१/०८२ मा रुखहरु कटान मुछान गरी घाटगद्दी गरी राखेको साल तथा धौटी जातको गोलिया काठको गोलिया थान जम्मा ७९ को ५६८.७५ क्यूफिट काठ र साल दाउरा ३.०० चट्टा बाह्य लिलाम बिक्री गर्नुपर्ने भएको हुँदा इच्छुक फर्म, कम्पनी, काठ व्यवसायमा आधारित कम्पनीहरुले यो सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र बोलपत्र फाराम खरिद गरी २२ औं दिन गोप्य शिलबन्दी